# पुरानो जिन्सी सामानको लिलाम बिक्री
## Standard Operating Procedure (SOP)

**क्षेत्र**

कृषि तथा सहकारी मन्त्रालय, सिंहदरवार ।
यो काम संग सम्वन्धित जिन्सी ईकाई सामान्य सेवा शाखा हुनेछ ।

**आवश्यकता**

पुरानो भई काम नलाग्ने जिन्सी सामानहरु कार्यलय परिसर भित्र जहीं तहीं छरिएर रहनाले कार्यालयको सुन्दरतामा नकारात्मक प्रभाव पर्ने गरेको छ । कहीं त्यस्ता सामानहरुले सुरक्षा एवं स्टोर किपींङ्गमा अनावश्यक स्थान ओगटेका पनि छन् । मर्मत गरेर पनि उपयोगमा नआउने, उपयोगिताका आधारमा वर्षिक मर्मत खर्च अत्याधिक भएका र पुरानो मोडेलका भई स्पेयर्स पार्टस पुर्जा पनि उपलब्ध हुन नसक्ने यस्ता सामानको समयमै समुचित व्यवस्थापन गरी त्यस्ता सामाग्रीको उपयुक्त मूल्य प्राप्त गर्न एवं, विद्यमान नियममा भएका व्यवस्थामा प्रकृयागत सरलता ल्याउन र सोही आधारमा कर्मचारीहरुको उपलब्धी मापन गर्न समेत यो SOP वनाई लागू गरिएको छ ।

**लाभान्वित समूह**

यस व्यवस्थावाट लिलामीका लागि जिम्मेवार अधिकृतको कार्यसम्पादनमा शीघ्रता आउने र सामान खरीदकर्ताहरु पनि लाभान्वित हुने छन् । साथै यसवाट प्राप्त हुन सक्ने अधिकतम राजश्व पनि समयमै प्राप्त हुने छ ।

**सहयोगी तत्वहरु**

- पारदर्शी र ठीक समयमा हुने लिलामी प्रकृयाले लिलामी सामानको स्वस्थ प्रतिस्पर्धाका कारण समुचित मूल्य पाउने हुनाले सरोकारवाला सबै पक्षबाट पूर्ण सहयोग पाईने अपेक्षा गर्न सकिन्छ।
- प्रकृयागत जटिलता न्यूनिकरण भई निर्णय लिन हिच्कीचाउने प्रवृत्ति घट्नेछ ।
- यस्को उपलब्धी मापन बस्तुगत हुने भएकाले कर्मचारीहरुलाई उत्प्रेरणा दिने आधार तयार हुन सक्नेछ ।

## कार्यन्वयनको लागि गरिने थप प्रयासहरु

- सरलीकृत समयबद्ध कार्य तालिकाको निर्धारण गरी सबै सरोकारवालाहरुको प्रतिबद्धतामा लागू गरिने छ। यस कार्यको नियमित अनुगमन र सुपरिवेक्षण गरिनेछ।
- अन्य सम्वद्ध निकायहरु संगको समन्वय विस्तार गरिने छ ।
- कार्यन्वयनका क्रममा संलग्न कर्मचारलिाई अतिरिक्त सुविधा दिईने र सो कार्यलाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाईने छ।
- लागू गर्ने क्रममा देखिने समस्या र कठिनाईहरुलाई क्रमस हटाउन यो SOP लाई आवधिक रुपमा परिमार्जन गरिदै लगिने छ।

## कार्यान्वयनको मापनका आधारहरु

- कार्यलयको जिन्सी व्यवस्थापनको अवस्था।
- लिलामी कार्य पटक।

## अधिकार/अख्तियार

प्रस्तुत कार्यविधि कार्यान्वयन गर्ने जिम्मेवारी एवं अधिकार प्रशासकीय अधिकारको काम, कर्तव्य र अधिकार संवन्धी नियमहरु, २०४२, आर्थिक कार्यविधि ऐन, २०५५ र आर्थिक प्रशासन संवन्धी नियमावली, २०५६ मा व्यवस्था भए अनुसार कार्यालय प्रमुखलाई प्राप्त छ।

## जिन्सी सामानको लिलामी कार्य प्रकृया

- कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीले लिलाम गर्नु पर्ने सामानको विवरण तयार गरी संलग्न तालीका अनुसारको समय अनुसारको या कार्यको जिम्मेवार शाखा स्टोर शाखा हुने छ।
- हरेक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र जिन्सी मालसामानको वार्षिक प्रतिवेदन तयार गर्न लगाई उक्त प्रतिवेदनमा उल्लेखित वेकम्मा भई काम नलाग्ने देखिएका मालसामानहरु लिलाम बिक्री गरिने छ ।
- प्रतिवेदन जाँची लिलाम बिक्री गर्नपर्ने ठहऱ्याएका मालसामानहरुमात्र लिलाम बिक्री गर्ने या अन्य प्रकृया आपनाई अनिवार्यरुपमा स्टोरमा अनावश्यक रुपमा नराख्ने कार्य स्टोर शाखाले गर्ने छ
- लिलाम बिक्री गर्न पर्ने भनी ठहऱ्याएको सामानहरुको परल मूल्य खूलेकोमा रु ८०,०००।- र नखुलेकोमा हाल मूल्याङ्कन भएको मूल्यमा वीस हजार वा दुवै गरेर एक लाख रुपैया सम्मका जिन्सी सामानहरु आर्थिक प्रशासन शाखा, सञ्चय वा स्टोर अधिकृतको राय समेतको आधारमा कार्यालय प्रमुखले लिलाम डाँक स्वीकृत गर्ने कानूनी व्यवस्था हुदा यो समेतका आर्थिक प्रशासन नियमावली २०५६ ले निर्दिष्ट गरेका अन्य सवै तौर तरीकाहरु समयवद्ध तालीका अनुसार कार्य सम्पादन गर्ने गरी अवलम्वन गर्ने कार्य हुनेछ।

- मेशिन औजार तथा भारी उपकरण र सवारी साधन चालु हालतमा भए पनि पुरानो मोडलको भई पार्टस् पूर्जाको अभाव तथा मर्मत संभार खर्च बढी लाग्ने भएका सामानहरु मेकानिकल प्रविधिकको रायको आधारमा एक लाख भन्दा बढी मूल्यका भए कार्यालय प्रमुखले सामान लिलाम गर्नु पर्ने भनी ठहऱ्याएमा ती सामान जाँचवुझ एवं सर्भेक्षण गरी सिफारीस गर्न कानून निर्दिष्ट समिति गठन गरी सो बाट प्राप्त राय सुझावलाई आधार वनाइ कार्य गरिने छ ।
- उल्लेखित समितिले सामानको उपयोगिता, सेवा आयू, ह्रासकट्टी, अवशेष तथा बजार मूल्य, भन्सार शूल्क, आदि समेतका पक्षहरुमा विचार गरी मूल्याङ्कन गरी सिफारिस गर्ने कानूनी व्यवस्था रहेको छ ।
- लिलाम गर्ने आदेश प्राप्त भएपनि लिलाम बिक्री गर्न सम्वन्धित निकायबाट एक लाख मूल्य सम्मको सामान भए १५ दिन र सो भन्दा बढीको सामान भए २१ दिनको म्याद दिई निम्न कुरा उल्लेख गरी लिलाम बिक्री सम्वन्धी सूचना प्रकाशन गरिने छ ।

  - मालसामानको विवरण
  - मालसामानको न्यूनतम मूल्य
  - लिलाम बढाबढ हुने स्थान, समय र मिति
  - न्यूनतम मूल्यबाट नै बढाबढ शुरु हुने कुरा
  - धरौटी सम्वन्धी विषय
  - लिलाम सकार्नेले सामान उठाई लैजानु पर्ने अवधि
  - वोलपत्रबाट बिक्री गर्न चाहेमा उपयूक्त समय दिई बोल अंकको १० प्रतिशत धरौटी लिइने कुरा ।

- पहिलो पटक सूचना अनुसार लिलाम बिक्री नभएमा पुनः सूचना निकाल्ने तथा सोमा पनि लिलाम बिक्री हुननसकेमा कायम मूल्यमा नघट्ने गरी सिधै बार्ताबाट बिक्री गर्न सकिने छ ।
- माथिको प्रकृयाबाट समेत लिलाम बिक्री हुन नसकेमा सामानको पुनः मूल्याङ्कन गरी बिक्री गर्न सकिने र यसरीपनि बिक्री हुन नसकेमा तोकिएका निकायहरुको रोहवरमा विभागीय स्वीकृति लिई सिधै विक्री गर्ने सकिने छ ।
- यसरी सामान बिक्री भईसकेपछि बिक्री भएका सामानको लगत कट्टी गर्ने कार्य स्टोर शाखाले गर्ने छ ।
- नियमित रुपमा सामान लिलाम भए नभएको तथा समय सारीणी अनुसार काम भए नभए निरीक्षण गर्ने र त्यसो नभएमा सो अनुरुप गर्न लगाउने कार्य प्रशासन महाशाखाका सह-सचिवबाट गरिने छ ।

<u>जिन्सी सामान लिलाम सम्वन्धी वार्षिक कार्यान्वयन योजना</u>

| क.स. | कार्य विवरण | समयावधि(महिना) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रा | भा | आ | का | म | पौ | मा | फा | चै | बै | जे | अ |
| १. | वार्षिक जिन्सी निरिक्षण कार्य सम्पादन | ■ | ■ | ■ | | | | | | | | | |
| २. | लिलामी गर्नु पर्ने सामानको किटान/निर्णय | | | | ■ | | | | | | | | |
| ३. | सामानको मूल्य निर्धारण समिति गठन र प्रतिवेदन प्रस्तुतिकरण | | | | | ■ | | | | | | | |
| ४. | लिलामी कार्यको स्वीकृती/निर्णय | | | | | | ■ | | | | | | |
| ५ | लिलामी सम्वन्धी सूचना प्रकाशन | | | | | | ■ | | | | | | |
| ६. | लिलाम बिक्री तथा अभिलेख व्यवस्थापन* | | | | | | | ■ | ■ | ■ | ■ | | |
| ७. | लिलामी कार्यको नियमित अनुगमन एवं सुपरिवेक्षण | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | |
| ८. | लिलामी प्रकृयाको पृष्ठपोषण एवं परिमार्जन | | | | | | | | | | | | ■ |

* पुनः बोलपत्र आव्हान गर्नु परेमा वा अन्य प्रकृया अवलम्वन गर्नु परेमा त्यसपछि तुरुन्त निरन्तर रुपमा गर्ने ।

* जिन्सी निरीक्षणको क्रममा लिलामी योग्य समान पर्याप्त नदेखिएमा यो प्रकृयाले त्यसपछिको वर्ष निरन्तरता पाउने छ ।